# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

दोश्रो अधिवेशन

बैठक संख्या – ५८

## दैनिक कार्यसूची

२०८० असोज १८ गते, बिहीबार

दिनको १:०० बजे

### व्यवस्थापन कार्य

१. सम्माननीय सभामुखले "विद्युत विधेयक, २०८०" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि मा० श्री प्रेम सुवालबाट प्राप्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुने ।

२. मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले "विद्युत विधेयक, २०८०" पेश गर्नुहुने ।

### शोक प्रस्ताव

३. सम्माननीय सभामुखले प्रतिनिधि सभाका पूर्व सदस्य खेमराज भट्ट मायालुको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"प्रतिनिधि सभाको यो बैठक हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सल्लाहकार, वि.सं. २०५६ सालमा नेपाली काँग्रेसको तर्फबाट बर्दिया क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित, गणतन्त्र स्थापनाका लागि विभिन्न मोर्चामा सक्रिय भूमिकामा रहनुभएका, पूर्व सामान्य प्रशासन मन्त्री खेमराज भट्ट मायालुको वीर अस्पताल काठमाडौंमा फोक्सोको क्यान्सर रोगको उपचारको क्रममा २०८० साल असोज ४ गते बिहीबार ७३ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

डा. भरतराज गौतम

संघीय संसदको महासचिव